# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०६।२५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी र गैरकानूनी लाभ तथा हानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०६।२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | डा. नरेश प्रताप केसी, हरि बहादुर हमाल र जीवन कुमार मल्ल (वि.अ. को मु.नं. ०७६-CR-०३२२), वि.अ. को फैसला मिति २०७९।१२।१३) | भ्रष्टाचार कसुर ठहर भएपछि सरकारी रकम हानीनोक्सानी गरी भ्रष्टाचार गरेको। | प्र **डा.नरेश प्रताप के.सी.लाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही दफा १७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) र दफा ३ उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन र निजले हिनामिना गरेको विगो रु. १४,९०८।४० निजबाट सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन **हरि बहादुर हमालले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसुरमा सोही दफा १७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम सजाय हुन र निजले हिनामिना गरेको विगो रु. ३४,३३,६८३।४९ निजबाट सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन र **जीवन कुमार मल्लले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसुरमा सोही दफा १७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण | **फैसलाः**<br>प्रतिवादी हरिबहादुर हमालले ३४,३३,६८३।४९ को सुविधा लिई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूर ठहर्छ। प्रतिवादीलाई ठहर भएको कसूरमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ र ३(१)(छ) बमोजिम कसूरको मात्रा अनुसार ४(चार) वर्ष ६(छ) महिना कैद र बिगो रु ३४,३३,३८३।४९ बमोजिम जरिवाना भई उक्त बिगो समेत प्रतिवादीबाट असुल उपर हुने ठहर्छ र अन्य प्रतिवादी डा. नरेशप्रताप के.सी र जीवनकुमार मल्लले आरोपदावीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको।<br>**प्रतिवादी हरिबहादुर हमालको हकमा आरोपदावी बमोजिम सजाय भएको हुँदा निजको हकमा पुनरावेदन नगर्ने गरी निर्णय भएको।**<br>**विशेष अदालतले डा. नरेश प्रताप के.सी र जीवन कुमार मल्ललाई सफाई दिदा लिएका आधारः**<br>प्रतिवादीहरु डा.नरेशप्रताप के.सी र जीवनकुमार मल्लको दावीको कसूर गर्ने मनसाय पुष्टी नभएको अवस्थामा केवल कार्य मात्रले आपराधिक दायित्व बहन गराउन मिल्ने देखिएन। | **क.** प्रथमतः भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ ले कुनै राष्ट्र सेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा वद्नियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा सजाय हुने कानूनी व्यवस्था रहेको छ। प्रतिवादी डा. नरेश प्रताप के.सी सिफारिसको आधारमा नगद रु १४,९०८।४० (चौध हजार नौ सय आठ रुपियाँ पैसा चालिस) निकासा भएको र प्रतिवादी जीवनकुमार मल्लको सिफारिसको आधारमा रु. १४,७०,३७९।८ (चौध लाख सत्तरी हजार तीन सय उनासी रुपियाँ पैसा असी) निकासा भएको र सो को गैर कानूनी रुपमा भएको खर्च स्पष्टतः भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूर देखि रहेकोमा प्रतिबादीहरु डा. नरेश प्रताप के.सी र जीवनकुमार मल्ल सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटीपुर्ण एवं बदर योग्य रहेको,<br><br>**ख.** विशेष अदालतबाट भ्रष्टाचार कसुर ठहर भएपछि पनि सेवामा कार्यरत रहेको सम्बन्धमा अख्तियार दुरुपयोग आयोगको च.नं. ४६५ मिति २०६०।०८।२२ को पत्रबाट विशेष अदालत काठमाण्डौबाट भएको फैसला सम्वन्धी जानकारी बिषयको बोधार्थ पत्र जिल्ला जनस्वास्थ्य कार्यालय धादिङलाई पठाइएको। फैसला सम्बन्धी जानकारीको बोधार्थ पत्र स्वास्थ्य कार्यालय, धादिङमा प्राप्त भएपछि कार्यालयले मिति २०६०।०८।२८ मा दर्ता गरेको र तत्कालिन स्वास्थ्य प्रमुख डा. नरेश प्रताप के.सी.ले प्रशासन/लेखा भनि तोक लगाएको निजामती सेवा ऐन २०४९ (संशोधन सहित) को दफा ६१ को उपदफा (२) को खण्ड (ख) को कसुरमा सोही ऐनको दफा ६१ को उपदफा (२) बमोजिम कारवाही गर्नुपर्नेमा प्रशासन/लेखा भनि तोक लगाएको।सो सम्बन्धमा जिल्ला जनस्वास्थ्य कार्यालयको तत्कालिन स्वास्थ्य प्रमुख डा. नरेश प्रताप के.सी.ले बयानको क्रममा विशेष अदालतमा मुद्दा दायर भएपछि निलम्बन हुनुपर्ने निज हमाल कार्यरत नै रहेकोले फैसलापछि बर्खास्त हुनुपर्ने कारवाही अगाडी बढ्न नसकेको भनी बयान कागज गरेको हुदाँ निज डा. नरेश प्रताप के.सी.ले फैसलाको जानकारी प्राप्त गरेपछि पनि पियन हरि बहादुर हमाललाई कारवाही नगरेको कुरा स्वीकार गरेको।प्रतिवादी डा. नरेश प्रताप के.सी.ले स्पष्ट तोक आदेश नगर्दा निज हरि बहादुर हमाललाई नियमानुसार कारवाही नभएको। लेखा शाखालाई फैसलाको जानकारी गराएको पत्रको प्रतिलिपी पठाएको बोधार्थ मात्र दिएको र तलव भत्ता रोक्नु भन्ने तोक आदेश गरेको नदेखिदाँ निज हरि बहादुर हमाललाई नियमित तलव भत्ता भुक्तानी गरेको जिल्ला स्वास्थ्य कार्यालय धादिङको च.नं.२६७ मिति २०७६।०९।१८ को पत्रसाथ प्राप्त तलबी भरपाईबाट खुल्न आएकोले तत्कालिन स्वास्थ्य प्रमुख डा. नरेश प्रताप के.सी. ले २०६० साल मंसिर देखि २०६० साल फागुनसम्मको निज पियन हरि बहादुर हमाललाई मासिक रु. ३,७२७।१० का दरले हुन आउने चार महिनाको जम्मा रु. १४,९०८।४० रकम तलब भत्ता भुक्तानी गरेको देखिदाँ निज डा. नरेश प्रताप के.सी.ले नेपाल सरकारको रु. १४,९०८।४० (चौध हजार नौ सय आठ रुपियाँ पैसा चालिस) रकम हानि नोक्सानी गरेको,<br><br>**ग.** जनस्वास्थ्य कार्यालय, धादिङका पियन हरिबहादुर हमाल विरुद्ध दायर भएको भ्रष्टाचार मुद्दामा विशेष अदालत काठमाण्डौबाट मिति २०६०।०२।०५ मा भ्रष्टाचार कसुर ठहर भएपनि निज बाहल रहेको भन्ने प्रस्तुत उजुरी मिति २०७१।०५।०३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएपछि तत्कालिन वरिष्ट जनस्वास्थ्य प्रशासक जीवन कुमार मल्लले छानविनको क्रममा आफैले हस्ताक्षर गरेको जिल्ला स्वास्थ्य कार्यालय, धादिङ च.नं. १३१ मिति २०७२।०४।१७ को जानकारी सम्बन्धमा विषयको पत्र आयोगमा पठाएपछि पनि निज हरि बहादुर हमालले मिति २०७२।०८।१६ मा दिएको राजिनामा स्वीकृत गरी निज हरि बहादुर हमालको निबृतभरण अधिकार पत्र तथा औषधी उपचारको रकम यकिन गरीदिन निजामती कितावखानालाई पत्राचार गरेको,<br><br>**घ.** निजामती किताबखानाले निज हरि बहादुर हमालको उपचार खर्च बापत पाउने रु. ४,७६,५३२।-र संचित घर बिदा तथा बिरामी बिदा बापत पाउने रकम रु. ३,१०,१२४।-रकम गरी जम्मा रु.७,८६,६५६।- यकिन गरि पठाएको पत्र र निज हरि बहादुर हमाल सेवा निबृत भएकोले नियमानुसार लाग्ने कर कट्टी गरी संचित बिदा बापत रु. ३,०२,९३८।-र औषधी उपचार बापत रु. ४,६१,७०५।- गरी जम्मा रु. ७,६४,६४४।- रकम निकासा गरिदिन कोष तथा लेखा नियन्त्रक कार्यालय, धादिङलाई पत्राचार गरेको र सो पत्रमा उल्लेख भए अनुसारको रकम हरि बहादुर हमालको राष्ट्रिय बाणिज्य बैंक, धादिङको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐन, २०५९ को दफा ३ उपदफा (१) र सोही ऐनको दफा ३ उपदफा (१) को खण्ड (च) बमोजिम सजाय हुन र निजले हिनामिना गरेको बिगो रु. १४,७०,३७९।८ प्रतिवादीबाट सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिइएको। | | खाता नं. ३२१०००३२९४१० मा रु. ७,६४,६४३।- रकम जम्मा गर्नको लागि पत्राचार गरेको तथा निजले सिफारिस गरेको आधारमा निबृतभरण वापत रु. ७,०५,७३६।८ रकम हरि बहादुर हमालले बुझेकोले उक्त शीर्षकको जम्मा हुन आउने रु. १४,७०,३७९।८ (चौध लाख सत्तरी हजार तीन सय उनासी रुपियाँ पैसा असी) हिनामिना भएको ,<br><br>**ङ.** बिशेष अदालतबाट भ्रष्टाचार कसुर गरेको ठहर भएको फैसला कार्यान्वयन नभएको सम्बन्धमा छानविनको क्रममा रहेको अवस्थामा हरि बहादुर हमाललाई निजामती सेवा ऐन २०४९ (संशोधन सहित) को दफा ६१ को उपदफा (२) को खण्ड (ख) को कसुरमा सोही ऐनको दफा ६१ को उपदफा (२) बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाउनु पर्नेमा तत्कालिन वरिष्ट जनस्वास्थ्य प्रशासक जीवन कुमार मल्लले राजिनामा स्वीकृत गरी निजको सेवा सुविधा उपलव्ध गराएको देखिएको। जीवन कुमार मल्लले बयानको क्रममा निज हरि बहादुर हमालले कसुर गरे बापत रु. ४५००।- जरिवाना तिरेको राजश्व दाखिला रसिद पेश गरेकोले कारवाही वापतको दण्ड तिरेको भन्ने लागेको र अरु कुरा थाहा नभएको, ऐन नियमावलीको जानकारी नभएको कारणले राजिनामा स्वीकृत गरेको हुँ। कार्य जिम्मेवारी सक्दो चाँडो सक्ने र काम बाँकी नराख्ने बानी भएको र सेवाग्रहीलाई दुःख दिने मनशाय कहिले पनि नभएकोले पेश गरेको कागजातमा दस्तखत गरेको हुँ भनि बयान कागज गरेको देखिदाँ निजले हरि बहादुर हमालको राजिनामा स्वीकृत गरी सेवा सुविधा उपलब्ध गराएको स्वीकार गरेको। पियन हरि बहादुर हमाललाई जरिवाना भएको रु. ४५००।- रकम २ पटक मिति २०६०।८।२६ मा धादिङ जिल्ला अदालत असुल तहसिस डोर मुकाममा बुझाएको र मिति २०७२।०४।२० मा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, धादिङमा जम्मा गरेको मिसिलमा संलग्न भौचरबाट खुल्न आएको। जीवन कुमार मल्लले विशेष अदालतले भ्रष्टाचारको कसुर गरेको फैसला कार्यान्वयन नभएको सम्बन्धमा छानविनको क्रममा आफैले हस्ताक्षर गरेर आयोगलाई पत्राचार गरेपछि पनि निज हरि बहादुर हमालको राजिनामा स्वीकृत गरी निजको निबृतिभरण तथा उपचार खर्चको लागि निजामती किताबखानामा सिफारिस गरेको,<br><br>**च.**प्रतिवेदक उ.स बाबुराम खनाल, चिरन्जिवि घिमिरे र शा.अ शोभित रिजालले मिति २०७५/०६/२१ मा पेश गरेको प्रतिवेदनको निश्कर्ष खण्डमा सम्मानित अदालतको मिति २०६०/०२/०५ मा भ्रष्टाचारी ठहर गरी रु ४५००/- जरीवाना गर्ने फैसला पश्चात निज हरिबहादुर हमालले सरकारी सेवालाई निरन्तरता दिनु गैरकानूनी छ। यस्तो व्यक्तिलाई किन सेवामा निरन्तरता दिएको भनी तत्कालिन कार्यालय प्रमुख डा. नरेश प्रताप के.सी लाई मौखिक रुपमा जानकारी माग्दा सो को जानकारी सम्बन्धित व्यक्तिलाई दिइसकेको हो भनी जवाफ प्राप्त भएको अयोग्य ठहर्ने गरी सेवाबाट हटाउने भन्ने आफुलाई थाहा नभएको र अन्य कसैलाई सोधखोज नगरेको जवाफ प्राप्त भएको र निज हमालको मिति २०७२/०८/१५ मा राजिनामा स्वीकृत गर्ने कार्यालय प्रमुख वरिष्ठ जनस्वास्थ्य प्रशासक जीवन मल्ललाई तपाईले कसरी कुन आधारमा राजिनामा स्वीकृत गर्नुभयो भनी सोधेको प्रश्नमा धेरै पुरानो बिषय भएको र आफुलाई कुनै जानकारी नभएको कार्यालयका कसैले पनि विषय बस्तुबारेमा जानकारी नगराएकोले नियमानुसार राजीनामा स्वीकृत गरी दिएको हु भन्ने जवाफ प्राप्त भएको। कानून अनुसार निजको राजीनामा स्वीकृत गरी सेवा सुविधा प्रदान गर्न मिल्ने देखिदैन भनी प्रतिवेदन पेश गरेको,<br><br>**छ.** कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानून तथा न्यायको मान्य आधारभूत सिद्धान्त हो (मुलुकी अपराध संहिता २०७४ दफा ८, मुलुकी देवानी संहिता, २०७४ दफा ५)।यद्यपि दिनानुदिन नयाँ नयाँ बन्ने कानून, लगातार प्रतिपादित हुने नयाँ नयाँ नजिर, कानूनी सिद्धान्त लगायतबाट दिनानुदिन कानूनले आफ्नो आकार, क्षेत्र व्यापक पार्दै पहुँच बढाई जटिल भै रहेको स्थितिमा कानूनको सहि र यथार्थ ज्ञान कानूनका विशेषज्ञ वा विज्ञ व्यक्तिहरु समेतलाइ हुन सकेको हुँदैन । तथापि यस सिद्धान्तले तय गरेको आधारलाइ अवलम्वन नगरिएमा कानूनको शासनको आधार र मान्यताहरुनै समाप्त हुन जाने र कानूनी अराजकता हुन सक्ने भएकोले 'कानूनको अज्ञानता क्षम्य हुँदैन' भन्ने सिद्धान्तलाई सामान्य व्यक्तिलाई समेत कानूनको ज्ञाता सरह मानेर कडाईकासाथ लागु गरिन जरुरी रहेको। यो न्यायिक वाध्यता नै हो भनी **(ने.का.प २०६३ भाग ४८ अंक११ निर्णय नं.७७९१ प्रमोद कुमार जलान बिरुद्ध शम्भुनाथ गुप्ता प्रकरण २०)** सर्वोच्च अदालतले व्याख्या गरेको अवस्थामा प्रतिवादीहरु डा. नरेश प्रताप के.सी र जीवनकुमार मल्ललाई दोषी मनोभावनाको अभावमा कार्य मात्रले कसूर हुन सक्दैन भनी सफाई दिने गरी भएको फैसला सो हद सम्म त्रटिपुर्ण रहेको।<br><br>**ज.** भ्रष्टाचारजन्य कसुर र देवानी दायित्वका बिच तात्त्विक भिन्नता रहेको हुन्छ । भ्रष्टाचार निवारण ऐनको संरचनाबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने भनी **ने.क.पा २०७६ निर्णय नं. १०३८७ मुद्दाः भ्रष्टाचार** मुद्दामा सर्वोच्च अदालतले प्रतिपादित सिद्धान्त विपरित विशेष अदालतले गरेको फैसला बदर भागी रेहेको,<br><br>**झ.** भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन । अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो । प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट **(मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२)** सिद्धान्त प्रतिपादित भएको, |
| २ | हानन्द खनाल, गोले अली धुनिया, अजिजुर्रहमान मुसलमान र पुनवासी कुरमी(मुद्दा नं.: ०७६-**CR**-०४४४, फैसला मितिः– २०७९।१२।२८) | सरकारी रकम हिनामिना गरेको | प्र.मुहानन्द खनाल र गोलेअली धुनियालाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु ३,९१,२२७।३७ असुल उपर र प्र.अजिजुर्रहमान मुसलमान र पुनवासी कुरमीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन र सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो रु ३,९१,२२७।३७ असुल उपर गरी जफत गर्न मागदाबी लिइएको। | **फैसलाः**<br>गा.वि.स. को अनुदान बराबरको काम योजनास्थलमा सम्पन्न भएको भन्ने मिति २०७८/०८/२० को सर्जमिन मुचुल्का, पुलको जमिन मुनीको अवस्थाबारे एकिन गर्न कठिनाई भएको भन्ने समेत बेहोराको प्रतिवेदकको मिति २०७५/०९/०३ को प्रतिवेदन तथा अदालतमा भएको बकपत्र र जि.वि.स. ले भन्दा करिब एक वर्ष अगाडी नै गा.वि.स ले भुक्तानी दिएको भनी आरोपदावीमा नै स्वीकार गरिएबाट पहिले भुक्तानी गर्ने गा.वि.स ले दोहोरो भुक्तानी गरेको भन्ने आरोपदावीमा नै स्वीकार गरिएबाट पहिले भुक्तानी गर्ने गा.वि.स ले दोहोरो भुक्तानी गरेको भन्ने आरोपदावी उपर्युक्त नदेखिएको। साथै पेश्की रकमका सम्बन्धमा तत्काल प्रचलित आर्थिक ऐन, २०५५ र आर्थिक कार्यविधी नियमावली, २०६४ बमोजिम पेश्की फछ्र्यौट नगरेमा सरकारी बाँकी सरह असुल हुन सक्ने नै देखिंदा प्रतिवादीहरु उपरको आरोपदावी पुग्न सक्दैन भनी फैसला भएको। | क. आ.व.०६६/०६७ मा साविक जिल्ला विकास समितिको कार्यालय कपिलवस्तुबाट जनसहभागितामा आधारित कार्यक्रम अन्तर्गत बजेट शिर्षक नं.६९-४-८३१ बाट साविक तितिर्खी गाउ बिकास समिति कपिलवस्तुको पकडी र साविक रंगपुर गाउ बिकास समितिको पुर्निहवाको विचमा पर्ने जमुवार खोलामा पुल निर्माण गर्ने योजनाको लागि जम्मा रु.१५,००,०००।- विनियोजन भई जनसहभागिता समेत गरी रु.१५,५६,५८७।- बराबरको लागतमा पुल निर्माण गर्ने गरी मिति २०६७।०२।१२ मा उपभोक्ता समितिसँग दुई पक्षिय सम्झौता भई कार्य संचालन भएको साविक जिल्ला विकास समिति हाल जिल्ला समन्वय समितिको कार्यालयको च.नं.५७६ मिति २०७६।११।१९ को पत्रबाट देखिएको,<br><br>ख. साविक तितिर्खी गाउ बिकास समितिको कार्यालय तथा हाल यशोधरा गाउपालिका कपिलवस्तुबाट च.नं.२७० मिति २०६९।१।६, च.नं. १७४ मिति २०७४।९।१६ र च.नं. ९५५ मिति २०७६।११।१८ को पत्रसाथ प्राप्त कागजात हेर्दा उक्त गाउ बिकास समिति बाट समेत आ.व.०६६/०६७ मा साविक जिल्ला विकास समितिको कार्यालय कपिलवस्तुबाट संचालित जमुवार खोलाको पकडी-पुर्नीहवा पुल निर्माण आयोजनाकै लागि एउटै उपभोक्ता समिति मार्फत नै काम गराउने गरी रु.४,५०,०००।- विनियोजन गरी मिति २०६७।०३।०६ गते उपभोक्ता समिति सँग दुई पक्षिय सम्झौता गरेको।।गाउ बिकास समिति सँगको सम्झौता पत्रमा लागत अनुमान बारे कुनै कुरा नखुलाई लागत ब्यहोर्ने श्रोतहरु अन्तर्गत साविक जिल्ला विकास समितिको कार्यालय कपिलवस्तुबाट रु.१५,००,०००।- र साविक तितिर्खी गाउ बिकास समितिकपिलबस्तुबाट रु.४,५०,०००।- ब्यहोर्ने उल्लेख गरेको र गाउ बिकास समितिले उपभोक्ता समितिको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, तौलिहवामा रहेको हि.न.७८२२ मा मिति २०६७।०३।०६ मा पहिलो पटक रु.२,८३,०००।- र दोश्रो पटक २०६७।०३।१५ मा रु.१,६७,०००।- गरी कुल जम्मा रु.४,५०,०००।- भुक्तानी गरेको साविक तितिर्खी गाउ बिकास समिति हाल यशोधरा गाउपालिकाबाट प्राप्त बैंक भौचर समेतबाट देखिएको।राष्ट्रिय वाणिज्य बैंकमा रहेको उपभोक्ता समितिको खाता अध्यक्ष अजिजुर्रहमान मुसलमान तथा सचिव पुनवासी (चौधरी) कुरमीको संयुक्त हस्ताक्षरबाट संचालन गरिएको उपभोक्ता समिति गठनको लागि गरिएको मिति २०६७।०२।०१ को भेलाको निर्णय तथा निज सचिव पुनवासी (चौधरी) कुरमीको वयान व्यहोरावाट समेत खुलेको। २०७६ असारमा नै सम्पूर्ण रकम भुक्तानी दिदा पेश गरिएको भनी २०६८।०३।२४ मा कार्य सम्पन्न भएको भन्ने मिति उल्लेख भएको तर तयार गर्ने, रुजु गर्ने र स्विकृत गर्ने कुनै पनि व्यक्तिको हस्ताक्षर नभएको कार्य सम्पन्न प्रतिवेदन र ठेक्का सम्बन्धि बिलहरु साविक तितिर्खी गाउ बिकास समिति हाल यशोधरा गाउपालिका वडा नं. १ का वडा अध्यक्षद्वारा प्रमाणित भै आयोगलाई प्राप्त हुन आएको र सो सम्बन्धमा तत्कालिन गाउ बिकास समिति सचिवसँग सोधनी हुँदा सो ठेक्का सम्बन्धि बिल तथा कार्यसम्पन्न प्रतिवेदन उपभोक्ता समितिका अध्यक्ष अजिजुर्रहमान मुसलमानले गाउ बिकास समिति मा पेश गरेको भनि आयोगमा गरेको वयान व्यहोरामा खुलाई लेखाई दिएको,<br><br>ग. अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई साविक तितिर्खी गाउ बिकास समिति हाल यशोधरा गाउपालिकावाट प्राप्त हुन आएका राष्ट्रीय वाणिज्य बैंक तौलिहवाका बैंक भौचरबाट तितिर्खी गाउ बिकास समिति ले पकडि-पुर्निहवा पुल निर्माण योजनाका लागि मैचिङ फण्डका लागि बिनियोजन गरेको रकम साविक जिल्ला बिकास समिति, कपिलबस्तुको खातामा दाखिला नगरी |

सिधै उपभोक्ता समितिको खातामा दाखिला गरेको देखिन आयो। उपभोक्ता समितिलाई जम्मा रु. ४,५०,०००।— (चार लाख पचास हजार रुपैया) बैंक मार्फत भुक्तानी दिइसकेपछि जिल्ला विकास समिति, कपिलबस्तुलाई कुनै पनि जानकारी नगराएको, भुक्तानी दिनका लागि गाउ बिकास समिति बाट तयार गरिएका गोश्वारा भौचर तथा बिल भर्पाई जिल्ला बिकास समिति, कपिलबस्तुका तत्कालिन सह लेखापाल गोले अली धुनियाबाट स्विकृत गराएको तर सो को कुनै पनि अभिलेख जिल्ला बिकास समितको कार्यालयमा नराखेको भन्ने साविक गाउ विकास समितिका सचिव मुहानन्द खनाल तथा निज गोले अली धुनियाले आयोगमा उपस्थित भै गरेको वयान व्यहोराबाट खुलेको,

घ. जिल्ला प्राविधिक कार्यालय, कपिलबस्तुको मिति २०६८।०३।२४ को कार्य सम्पन्न प्रतिवेदन, तथा उपभोक्ताको ठेक्का सम्बन्धि बिलबाट उपभोक्ता समितिबाट कुल जम्मा रु.१६,९८,९१३।९४ बराबरको भौतिक निर्माण कार्य पुरा भएको जसमध्ये १०% अर्थात रु.१,६९,८९१।३९ बराबरको रकम जनसहभागिताको अंश वापत हुन आउने भएकाले उपभोक्ता समितले जम्मा रु. १५,२९,०२२।५५ (पन्ध्र लाख उनन्तिस हजार बाइस रुपैया पचपन्न पैसा) भुक्तानी पाउनुपर्ने देखिन आएता पनि जिल्ला बिकास समिति कपिलबस्तुले मिति २०६८।०३।२७ गतेको मिसिल संलग्न टिप्पणी आदेश अनुसारको जम्मा रु.६,५६,२३९।– बराबरको रकम समेत गरी पटक पटकको भुक्तानी आदेश अनुसार उपभोक्ता समितिको खातामा सम्झौता अनुसारकै विनियोजित रकम रु. १५,००,०००।— (पन्ध्र लाख) मात्रै मिति २०६८।३।२७ मा अन्तिम भुक्तानी दिएको देखिन आयो। तर गाउ बिकास समितिले पुल निर्माणको कार्य सम्पन्न भएको प्राविधिक मुल्याङ्कन बिना नै जिल्ला बिकास समितिले अन्तिम भुक्तानि दिनु भन्दा एक वर्ष अघि नै मिति २०६७।०३।१५ मा बैंक मार्फत अन्तिम किस्ता समेत भुक्तानी दिएको देखिन आएबाट गाउ बिकास समितिले भुक्तान गरेको रकम दोहोरो भएको पुष्टि भएको,

ङ. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, वुटवलका ईन्जिनियर सहितको टोली उक्त पुलको मिति २०७५।०८।२० मा स्थलगत अनुसन्धान तथाँ नाँपजाँचका लागि गई हालको यशोधरा गाउपालिका वडा नं. १ का वडा अध्यक्ष र सचिवको रोहवर तथा स्थानियल बासी समेतको उपस्थितिमा नाँपजाच गर्ने क्रममा उपस्थित विभिन्न व्यक्तिहरुले तितिर्खी -पकडी पुल निर्माण योजनामा साविक जिल्ला बिकास समिति कपिलबस्तुबाट रु १५,००,०००।– र साविक गाउ बिकास समितिबाट रु ४,५०,०००।– प्राप्त भएकोमा जिल्ला बिकास समितिबाट तयार भएको ईस्टिमेट अनुसार २ वटा एबुटमेण्ट र बिचमा १ वटा पायर सहित २१.७५ मिटर लम्बाई बराबरको पुल निर्माण गर्ने लक्ष्य सहित साविक जिल्ला बिकास समिति कपिलवस्तु र साविक तितिर्खी गाउ बिकास समितिसँग दोहोरो सम्झौता गरि उपभोक्ता समितिले काम अगाडी बढाएको जस अनुसार २ वटा एबुटमेण्ट र १ वटा वायरकोलागि जग खनि अन्दाजी ५ फुट मोटाई बराबरको स्ल्याव ढलान गरि सो माथी अन्दाजी ८ फुट जति उचाई बराबरको ५.८ मिटर " ०.०८ बराबरको २ वटा एबुटमेन्ट र ५.८ मिटर " ०.७५ मिटर बराबरको पायर ढलानको काम भएको, उक्त कार्य पश्चात उपभोक्ता समितिबाट थप कार्य नभएको र बाकी निर्माण कार्य ठेक्का मार्फत पुरा भएको, तथा उक्त कार्यको प्राबिधिक मूल्यांकन गाउ बिकास समितिले सम्पन्न नगर्दा उपभोक्ता समितिलाई गाउ बिकास समितिबाट प्राप्त अनुदान बराबरको काम कागजी रुपमा पुरा हुन नसकेको भन्ने व्यहोरा सर्जमिन मुचुल्कामा खुलाई लेखाइ दिएको,

च. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, वुटवलका ईन्जिनियरसमेतको सोही टोलिले उक्त पुलको नाँपजाँच गरी मिति २०७५।०९।०३ को प्राविधिक प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदनमा साविक तितिर्खी गाउ विकास समितिको जमुवार खोलाको पकडी-पुर्निहवा पुल निर्माण योजनामा उपभोक्ता समितिबाट साविक जिल्ला बिकास समिति कपिलबस्तुबाट भएको प्राबिधिक नापजाँच अनुसारको काम पुरा भई रु ५८,७७२।६३ (अन्ठाउन्न हजार सात सय बहत्तर रुपैयस त्रिसठ्ठी पैसा) बराबरको थप कार्य भएको जुन साविक गाउ बिकास समिति बाट प्राप्त अनुदानबाट भएको मान्नु पर्ने देखिन्छ। साविक तितिर्खी गाउ बिकास समितिवाट प्राप्त अनुदान रकम रु ४,५०,०००।–(चार लाख पचास हजार) बाट थप देखिएको कामको मूल्य रु ५८,७७२.६३।– अन्ठाउन्न हजार सात सय बहत्तर रुपैयस त्रिसठ्ठी पैसा) घटाई बाकी रहन आएको रु. ३,९१,२२७।३७ ( तिन लाख एकानब्बे हजार दुई सय सत्ताइस रुपैया सैतिस पैसा) बराबरको भने कुनै ठोस कार्य योजना स्थलमा फेला परेन भन्ने उल्लेख भएको र सो तथ्यलाई आयोगको कार्यालय बुटबलका इन्जिनियरले अदालत समक्ष उपस्थित

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भई वकपत्र गर्दा २०७५/०९/०३ को प्रतिवेदनको व्यहोरा सही साँचो रहेको र सम्झौता अनुसारको दररेटले गर्दा जम्मा ५८७७२।६३/- बराबरको थप काम भएको देखिन्छ भनी बकपत्र गरेबाट गाउ बिकास समिति ले उपभोक्ता समितिलाई भुक्तानी दिएको जम्मा रकम रु. ४,५०,०००।- (चार लाख पचास हजार) मध्येबाट जम्मा ५८७७२।३६ बराबरको मात्र थप काम भएकोमा रु. ३,९१,२२७।३७ ( तिन लाख एकानब्बे हजार दुई सय सत्ताइस रुपैया सैतिस पैसा) दोहोरो भुक्तानी भएको,<br><br>छ. भ्रष्टाचारजन्य कसुर र देवानी दायित्वका बिच तात्त्विक भिन्नता रहेको हुन्छ । भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने भनी (ने.क.पा २०७६ निर्णय नं. १०३८७ मुद्दाः भ्रष्टाचार) मुद्दामा र भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो।प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) सिद्धान्त प्रतिपादित भएको,<br><br>ज.नेपाल सरकार विरुद्ध प्रतिवादी बलिराम दास कथवनिया समेत भएको सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा नि.नं.१०२०८ मा भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्‌नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाइद्वारा पुष्टि भएको हुँदैन । भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रूपमा देखिनु पर्ने । भनि सिद्धान्त प्रतिपादन भएको। प्रस्तुत मुद्दामा समेत प्रतिवादीहरुले पेश्की रकम निकासा भएको लामो समय सम्म पनि पेशकी फछ्यौंट नगरी बसेको अवस्थामा निज प्रतिवादीहरुको दूषित मनसाय रहेको,<br><br>झ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ मा (ङ)कुनै राष्ट्रसेवक वा व्यक्तिउपर यस ऐन अन्तर्गत् मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिउपर नेपाल सरकार वा सार्वजानिक संस्थालाई पुग्न गएको हानिनोक्सानी भराउन सकिने कुनै कानूनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐन अन्तर्गत् मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हुने छैन भन्ने कानूनी व्यवस्था समेत रहेकोमा उक्त कानूनी व्यवस्थाको अनादेखा गरी सरकारी बाँकी सरह कानून बमोजिम असुलउपर हुन सक्ने भनी गरेको फैसला त्रुटीपूर्ण रहेकोले आरोपमागदावी बमोजिम बिगो कायम गरी कसूर ठहर हुन मागदाबी रहेको। |
| ३ | प्र. महेश कुमार यादव, रमेश मरीक यादव, सन्तोष कुमार रजक, सुभाष चन्द्र लाल, शुसिल | निर्माण कार्यमा अनियमितता गरेको भन्ने समेत। | प्र. महेश कुमार यादव, रमेश मरीक यादव, सन्तोष कुमार रजक र सुभाष चन्द्र लालको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ग) र (ङ) तथा ऐ.ऐन को दफा १९(२) बमोजिम समेत कसुर गरेको देखिँदा रु.१०,०५,४९७.३९ | **फैसलाः**<br>प्र. महेश कुमार यादवलाई भ्र.नि.ऐनको दफा १९(२) बमोजिम ६(छ) महिना कैद र ८(१) बमोजिम ४(चार) महिना कैद, १९(२) बमोजिम २५,०००/- जरिवाना र ८(१)(ग) बमोजिम ७३,३७३.४२/- जरिवाना गरी जम्मा रु ९८,३७३.४२/- जरिवाना। ,रमेश मरीक यादवलाई भ्र.नि.ऐनको दफा १९(२) बमोजिम ३(तिन) महिना कैद र ८(१) बमोजिम ४(चार) महिना कैद, १९(२) बमोजिम १०,०००/- | **क.**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको च.नं. ५९३० मिति २०७६/०६/१६ गतेको पत्रबाट श्री बलान बिहुल गाउँपालिका कार्यालय सप्तरीलाई सत्य तथ्य विवरण सहित आवश्यक कागजात पठाउने बारे पत्राचार भएकोमा बलान बिहुल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको च.नं. ३९५ मिति २०७६/०८/०४ मा सत्य तथ्य बिवरण सहित आवश्यक कागजात पठाइएको पत्र प्राप्त भएको देखिन्छ। उक्त कागजातबाट वलान बिहुल गाँउ पालिका वडा नं. ४ को अधुरो भवन निर्माणको लागी उपभोक्ता समिति र कार्यालय बिच संझौता हुँदा अयोजना २०७६/०२/१९ देखी सूरू गरी २०७६/३/२० सम्ममा सम्पन्न गर्ने गरी संझौता भएको देखिन्छ। बलान बिहुल गाऊपालिका गाउँ कार्यपालिकाको कार्यालयको च.नं. १५३२ मिति २०७६/०३/१० गते उपभोक्ता समितिका अध्यक्षलाई कार्यदिश दिइएको देखिन्छ।च.नं. ७३५ को बलान बहुल गाउपालिका गाउ कार्यपालिकाको कार्यलायले मिति २०७६/०३/२३ को बैठक बमोजिम कार्य सम्पन्नको सिफारिस को पत्र लेखेको देखिन्छ। नगद रु १६०६२५६.०१ को कार्य सम्पन्न प्रतिवेदन, ठेक्का सम्बन्धी बिल, मिति २०७६/०३/२५ को अनुगमन प्रतिवेदन, मिति २०७६/०३/२७ गतेको अन्तिम बिल माँग गर्ने सम्बन्धमा निवेदन, बलान बिहुल गाऊपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७६/०३/२७ गतेको अन्तिम बिल भुक्तानी सम्बन्धमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | कुमार यादव,<br>रम्भादेवी यादव ,<br>शिव शंकर मण्डल,<br>रुवी गुप्ता ,<br>हरी प्रसाद मोची(मु.नं. ०७८-CR-००७९,<br>फैसला मितिः–<br>२०८०।०३।२७) | | विगो कायम गरी ऐ.ऐन को दफा ८(१) तथा १९(२) बमोजिम समेत सजाय हुन रुवी गुप्ता र हरी प्रसाद मोचीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १९(२) बमोजिम सजाय हुन र शुसिल कुमार यादव,<br>रम्भादेवी यादव र शिव शंकर मण्डलको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम कसुर गरेको देखिँदा रु.१०,०५,४९७.३९ विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुन। | जरिवाना र ८(१)(ग) बमोजिम ७३,३७३.४२/- जरिवाना गरी जम्मा रु ८३,३७३.४२/- जरिवाना।<br>सन्तोष कुमार रजकलाई भ्र.नि.ऐनको दफा १९(२) बमोजिम ६(छ) महिना कैद र ८(१) बमोजिम ४(चार) महिना कैद, १९(२) बमोजिम २५,०००/- जरिवाना र ८(१)(ग) बमोजिम ७३,३७३.४२/- जरिवाना गरी जम्मा रु ९८,३७३.४२/- जरिवाना,<br>सुभाष चन्द्र लाललाई भ्र.नि.ऐनको दफा १९(२) बमोजिम ३(तिन) महिना कैद र ८(१) बमोजिम ४(चार) महिना कैद, १९(२) बमोजिम १०,०००/- जरिवाना र ८(१)(ग) बमोजिम ७३,३७३.४२/- जरिवाना गरी जम्मा रु ८३,३७३.४२/- जरिवाना , रुवी गुप्तालाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १९(२) बमोजिम ६(छ) महिना कैद र १९(२) बमोजिम रु २५,०००/- जरिवाना,<br>हरी प्रसाद मोचीलाई भ्र.नि.ऐनको दफा १९(२) बमोजिम ३(तिन) महिना कैद, १९(२) बमोजिम रु १०,०००/- जरिवाना, शुसिल कुमार यादवलाई भ्र.नि.ऐन को दफा ८(४) बमोजिम ५,१३,६१४/- लाई दामासाहीले गर्दा जनही ७३,३७३.४२/- जरिवाना र हानी नोक्सानी बिगो रु ५,१३,६१४/- को दामासाहीले १,७१,२०४.६६/- असुल उपर ,<br>रम्भादेवी यादवलाई भ्र.नि.ऐन को दफा ८(४) बमोजिम ५,१३,६१४/- लाई दामासाहीले गर्दा जनही ७३,३७३.४२/- जरिवाना हानी नोक्सानी बिगो रु ५,१३,६१४/- को दामासाहीले १,७१,२०४.६६/- असुल उपर र<br>शिव शंकर मण्डललाई भ्र.नि.ऐन को दफा ८(४) बमोजिम ५,१३,६१४/- लाई दामासाहीले गर्दा जनही ७३,३७३.४२/- जरिवाना हानी नोक्सानी बिगो रु | टिप्पणि र आदेश, मिति २०७६/०३/२७ को गो.भौ.नं. ११० बाट Detailed measurement and abstract of cost बमोजिम काम सम्पन्न भएको भनि रु १४,२५,४३४/- रकम भुक्तानी भएको,<br><br>**ख.**प्रतिवादीहरुको बयानको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको च.नं. १७२३७ मिति २०७७/१२/०५ गतेको पत्रबाट बलान बिहुल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई लगत इष्टिमेटको परिमार्जन भए सो समेतको प्रमाणित प्रतिलिपी पठाइदिनु हुन पत्रचार भएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको च.नं. २०६०५ मिति २०७८/०१/१२ मा पुनः ताकेता पत्र बलान बिहुल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई पठाएकोमा बलान बिहुल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट कुनै कागजात उपलब्ध गराइएको नदेखिने,<br><br>**ग.** प्रतिवादीहरुले मौकामा वयान गर्दा लागत इस्टिमेट भन्दा बढी आइटमको कार्य भएको भनी जिकिर लिएका र अदालतमा वयान गर्दा सबै प्रतिवादीहरुले सुरु लागत इस्टिमेट भन्दा बढी कार्यहरु गर्नु पर्ने भएकोले संशोधित लागत अनुमान तयार गरी काम गरेको भनि जिकिर लिए अनुसार अदालतको मिति २०७९/०३/२४ गतेको आदेशानुसार बलान बिहुल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको च.नं. ७३३ मिति २०७९/०७/२५ बाट संशोधित इस्टिमेट पठाइएको भन्ने पत्रसाथ स्टमेट नपठाई Revise measurement bill पठाएको देखिन्छ। उक्त विलमा न त Measurement bill बनाउने व्यक्तिको नाम पद स्पष्ट छ, नत मिति उल्लेख छ। कुनै संरचनाको स्टिमेट Revise हुन सक्छ। तर वनीसकेको कुनै संरचना जहाँबाट जति पटक नाँप जाँच गर्दा पनि त्यसको Measurement bill एउटै हुन्छ। एक पटक वनि सकेको संरचनामा विभिन्न पटक नाँप जाँच गर्दा विभिन्न आइटमहरुको नाँप जाँच उल्लेख रुपमा फरक हुने तर कुल जोड भने एउटै आउने अवस्था अति नै अवैज्ञानिक अपत्यारिलो र झुठ्ठ वाहेक केही होला भन्ने स्पष्ट रहेको अवस्थामा प्रतिवादीहरुले पछि पेश गरेका झुठ्ठा कागजको आधारमा निजहरुलाई आरोप दावी भन्दा कम सजाय गरी भएको विशेष अदालतको फैसला सो हदसम्म त्रुटीपूर्ण एवं वदर योग्य रहेको,<br><br>**घ.** प्रतिवेदक राम प्रसाद तिमल्सिना, रामाशिष साह, पर्वत बि.कले मिति २०७७/११/१० गते प्रतिवेदन पेश गरेको देखिन्छ र उक्त प्रतिवेदन अनुसार नगद रु.१०,०५,४९७.३९/- को नभएको कामको भुक्तानी लिएको भन्ने देखिन्छ। सो कुरालाई प्रतिवेदक राम प्रसाद तिमल्सिना, रामाशिष साह र पर्वत बि.कले अदालत समक्ष उपस्थित भई बकपत्रबाट पुष्टी गरिदिएका छन् भने स्थलगत निरिक्षणमा REVEISED ESTIMATE को बारेमा कुनै पनी जानकारी नगराईएको भनी वकपत्र गरेको देखिन्छ। आरोप पत्र र फैसलामा फरक परेको विषय Revised Estimate को विषय पनि होइन, यो त एकपटक बनाएको कामको नापँ जाँच र बिलमा पुनः अर्को नाप जाँच र बिल बनाएको विषय हो। भुक्तानी दिनु भन्दा अगाडी दुइ किसिमको नाँप जाँच र बिल बनेको भए पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको च.नं. १७२३७ मिति २०७७/१२/०५ र च.नं. २०६०५ मिति २०७८/०१/१२ को पत्रको जवाफ समेत बलान बिहुल गाउँपालिकाले पठाउन पर्नेमा सो केही गरेको अवस्था पनि नदेखिने,<br><br>**ङ.** आर्थिक वर्ष २०७५0/७६ को विनियोजित रकम रु.१५,००,०००(अक्षरुपी पन्द्र लाख रुपैयाँ मात्र) -/ बलान बिहुल गाँउपालिका वडा नंको वडा कार्यालय भवन निर्माण ४ . कार्यामा D/W Chaukhat, Door Window Shutter, Plastering Work Wall, Ceiling Plaster, PCC, Primer Paint, Color Paint नगद रु4.,87,228.62/- अक्षरुपी चार लाख) सतासी हजार दुई सय अठ्ठाईस रुपैयाँ वैसठ्ठी पैसा मात्र खर्च भएको स्थलगत प्राविधिक प्रतिवेदनबाट देखिँदा भए गरेको कार्यभन्दा (D/W Chaukhat, Door Window Shutter, Plastering Work Wall, Ceiling Plaster, PCC, Primer Paint, Color Paint कार्यमा रु१०.,०५,४९७३९./- (दश लाख पाँच हजार चार सय सन्तानब्बे रुपैयाँ उनन्चालीस पैसा मात्र) बराबरको बढी देखाई कार्यसम्पन्न प्रतिवेदन तयार गरी सोही बमोजिम भुक्तानी समेत भएको मिसिल संलग्न गोश्वारा भौचर तथा आयोगको स्थलगत प्राविधिक प्रतिवेदनबाट स्पष्ट नगद रु१०.,०५,४९७३९./- (दश लाख पाँच हजार चार सय सन्तानब्बे रुपैयाँ उनन्चालीस पैसा मात्र)रकम हिनामिना गरेको,<br><br>**च.** यसरी देहाय बमोजिमको विगो रु. १०,०५,४९७।३९ बढी भुक्तानी भएको रकम हिनामिना भएको सम्बन्धमा आरोपपत्र पेश गरीएकोमा विल प्रतिवादीहरु त्यही वलान विहुल गा.पा. वा पूर्व कर्मचारी पदाधीकारी भएकोमा मिलेमतो गरी अर्को झुठ्ठा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ५,१३,६१४/- को दामासाहीले १,७१,२०४.६६/- असुल उपर हुने।<br>**प्रतिवादीहरु रुवी गुप्ता र हरी प्रसाद मोचीलाई आरोप मागदाबी बमोजिम सजाय भएको हुँदा निजहरुको हकमा पुनरावेदन नगर्ने गरी आयोगबाट निर्णय भएको।**<br>**विशेष अदालत काठमाडौले फैसला गर्दा मूलतः निम्न लिखित आधारहरु ग्रहण गरेको देखिन्छः**<br>अदालतको मिति २०७९/०३/२४ गतेको आदेश बमोजिम बलान बिहुल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७९/०७/२५ मा च.नं.७३३ बाट प्राप्त संशोधित इस्टिमेट मा उल्लेख भए बमोजिम ४ वटा आइटममट मात्र फिल्डमा काम गरेको भन्दा बढी रकम भुक्तानी गरेको देखिन आएको हुँदा जम्मा रु ५,१३,६१४/- बढी भुक्तानी भएको देखिने। | वल खडा गरी आरोपपत्रमा कम काम भएको भनि दावी गरेको ७ वटा Items मा पहिलेको भुक्तानी दिएको विलमा उल्लेखित रकम भन्दा घटायर तथा हुँदै नभएको आयोगबाट नाँप जाँच हुँदा समेत नदेखाएको, नदेखिएको, अतिरिक्त काम गरेको भनि कुल विलको रकममा पहिलेको विलमा उल्लेख भए वमोजिम नै कुल विलको रकम रु. १६,०६,२५६।०१ उपभोक्ता योगदान रु. १,६०,६२५।६० कटाउदा कुल भुक्तानी रकम रु. १४,४५,६३०।४१ नै उल्लेख गरी वनाएको झुठ्ठा र फरक विललाई मान्यता दिई प्रतिवादीहरु भ्रष्टाचार गरैको रकमको विगो घटाई भएको फैसला प्रथम दृष्टी मै सो हदसम्म त्रुटीपूर्ण छ। यसरी झूठ्ठा र कावटी प्रमाणलाई सम्मानित अदालतबाट स्वीकार गर्ने कार्यले न्यायको धरोहर सम्मानित अदालतमा झूठ्ठा प्रमाण पेश गर्ने, अदालतलाई गुमराहमा पार्ने केयले प्रथम पाउने कुरामा द्धिविधा नरहने अवस्थाले गर्दा समेत विशेष अदालतबाट प्रतिवादीहरुलाई कम विगो ठहर गरी सजाय भएको हदसम्म प्रस्तुत फैसला बदर गरी प्रत्यर्थी प्रतिवादीहरुलाई आरोप दावी वमोजिम सजाय गर्न मागदाबी रहेको। |